**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ३० सितम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. चियाबारी श्रमिकहरूको पूजा बोनस बीस प्रतिशतको दरले हुनुपर्छ भन्ने मांगमा आज दार्जीलिङ, खारसंग, मिरिक लगायत पहाडका विभिन्न स्थान हरु विहान 6 बजे दाखि बेलुकी 6 बाजी सम्म पूर्ण रुपमा बन्द रहेको थियो|

२. मुख्यमन्त्री ममता ब्यनर्जीले चिया श्रमिकहरूद्वारा डाकिएको १२ घण्टाव्यापी पहाड बन्दलाई राजनीतिक रूपमा प्रेरित अशान्तिको संज्ञा दिनुभएको छ।

३. राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा अटल बिहारी वाजपेयी इंस्टीट्यूट ऑफ मेडिकल साइंसेज अनि डॉ. राम मनोहर लोहिया अस्पतालको 10ओं दीक्षांत समारोहलाई संबोधित गर्नुभयो।

४. प्रधानमंत्री नरेन्द्र मोदीले 2 अक्टुबरमा झारखंडमा 83 हजार करोड़ रुपयाँ भन्दा अधिकको विभिन्न विकाश परियोजनाहरुको उत्घाटन अनि शिलान्यास गर्नुहुनेछ।

५. आरजी कर मेडिकल कलेज र अस्पतालमा वित्तीय घोटालाको जाँच गरिरहेको सीबीआईले प्रिन्सिपल संदीप घोषको मोबाइल फोन र ल्यापटपबाट ‘प्रभावशाली मानिसहरूसित गठजोड़’ को  साक्ष्य फेला परेव्को छ।

**खरसाङ/सोनादा बन्द**

चियाबारी श्रमिकहरूको पूजा बोनस बीस प्रतिशतको दरले हुनुपर्छ भन्ने मांगको साथमा पहाड़मा रहेको 8 वटा श्रमिक संगठनहरू पार्वत्य श्रमिक संगठन समन्वय मञ्चद्वारा 12 घण्टा पहाड़ बन्दमा खरसाङ पूर्ण रूपमा बन्द रहेको थियो। बिहान 6 बजेदेखि साँझ 6 बजेसम्म डाकिएको पहाड़ बन्दमा खरसाङ बजार पूर्ण रूपमा बन्द रहेको थियो। खरसाङमा आपतकालीन सेवाहरूबाहेक गाड़ीहरू र दोकान पाटहरू सबै बन्द रहेता पनि बिहानको समयमा केही क्षण तनाव भए पनि बन्द शान्तिपूर्ण रुपमा पालन गरियो|यसरि नै, सोनादामा पनि श्रमिकहरुको 20% बोनसलाई लिएर विभिन्न संगठनघरुले डाकेको बन्दमा सोनादा क्षेत्रका ट्रेड युनियनको पदाधिकारीहरू साथै चियाबारी श्रमिकहरू सडकमा उत्रेर बन्दको पालन गरेका थिए। क्षेत्रमा दोकानहरू पूर्ण रूपमा बन्द रहेको थियो। तिन्दारे साथै महानदीमा पनि बन्दको प्रभाव देखियो|

****** ० ******

**मिरिक बन्द**

पहाड़को चियाबारी श्रमिकहरूले बीस प्रतिशतको दरले बोनस पाउनुपर्छ भन्ने मांगमा श्रमिक संगठनहरूले डाकेको पहाड़ बन्द अवधि पनि मिरिक अनि सिलगढीलाई जोड्ने राज्य राजमार्ग १२ मा कतिपय वाहनहरूको विभिन्न वहाना गरेर गुडाएको विरोध गर्दै सौरेनीको भञ्ज्याङमा पिकेटिङमा बसेका श्रमिकहरूले आक्रोश व्यक्त गरे। आफूहरूले गरेको कामको दामको मागमा बन्द गरेको जसमा सबैले साथ दिई रहेको तर कतिपय चालकहरूले भने वाहान गुडाएकोमा  आपत्ति जनाउदै बन्द सफल पार्ने साथ दिने उनीहरूले आह्वान गरेका थिए।

****** ० ******

**ममता ब्यनर्जी बन्द**

मुख्यमन्त्री ममता ब्यनर्जीले बागडोगरा हवाईअड्डामा चिया श्रमिकहरूद्वारा डाकिएको १२ घण्टाव्यापी पहाड बन्दलाई राजनीतिक रूपमा प्रेरित अशान्तिको संज्ञा दिइन्। आज उहाँले  श्रमिकहरूको बोनससित सम्बन्धित समस्याको समाधान त्रिपक्षीय बैठकबाट हुने अनि श्रम विभागले यस मामिलालाई हेरिरहेको बताउनु । मुख्यमन्त्री ममता ब्यनर्जीले स्पष्ट रूपमा भन्नुभयोए कुनै पनि प्रकारको बन्द भइरहेको छैन। यो केवल राजनीतिक रूपमा अशान्ति फैलाउने प्रयास हो। उहाँले अझ भन्नुभयोए श्रमिकहरूको बोनसको समाधान श्रम आयोगको माध्यमबाट गरिनेछ र सरकारले यसमा हस्तक्षेप गर्नेछैन। मुख्यमन्त्री हिज उत्तर बंगालमा बाढ़ीको स्थितिको निरीक्षण गर्नका लागि सिलगढ़ी आइपुग्नुभएको थियो ।

****** ० ******

**ममता बनर्जी/राजु विष्ट**

राज्यकी मुख्यमन्त्री ममता बनर्जीले आज बागडोग्राबाट चिया श्रमिकहरूले डाकेको बन्दको समर्थन नगर्ने साथै चिया बगानका श्रमिकहरूको पक्षमा हस्तक्षेप गर्न अस्वीकार गर्दै पहाडमा कतिपय राजनैतिक दलहरूले अशान्ति सृजना गरिरहेको छ भन्ने आपत्तिजनक वयानको दार्जीलिङका सांसद राजु विष्टले निन्दा गर्नुभएको छ। सांसद विष्टले - राज्यकी मुख्यमन्त्री ममता बनर्जीले संसदमा पारित गरिएको श्रम कानून यदि राज्यमा लागु गरिएको भए यस समस्याको समाधान हुने बताउनु भयो। पश्चिम बंगाल सरकारले पहाडको रिसोर्सेसको मात्र प्रयोग गरेर रेभेन्यू लिइरहेको अनि यहाँको जनताको कुनै महत्त्व नराखेको पनि मुख्यमन्त्री ममता बनर्जीको बयानले स्पष्ट बुझेको बताउँदै यस बन्द चिया श्रमिकहरूले आफुले गरेको परिश्रमको २० प्रतिशय बोनसको अधिकार माग्न बन्द डाकिएको हो भनी सांसद राजु विष्टले बताउनु भएको छ।

****** ० ******

**राष्ट्रपति- दीक्षांत समारोह**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा अटल बिहारी वाजपेयी इंस्टीट्यूट ऑफ मेडिकल साइंसेज अनि डॉ. राम मनोहर लोहिया अस्पतालको 10ओं दीक्षांत समारोहलाई संबोधित गर्नुभयोई। उहाँले आफ्नु संबोधनमा डॉक्टरहरुले विरामीहरुको ज्यान बचाउनका लागी सबै उपाय गर्दागर्दै पनि यदि कुनै अप्रिय घटना घटे डॉक्टरहरु र अस्पताल कर्मचारिहरु सँग दुर्व्यवहार नगर्ने आग्रह गर्नु भयो।

****** ० ******

**प्रधानमंत्री -झारखंड भ्रमण**

प्रधानमंत्री नरेन्द्र मोदीले 2 अक्टुबरमा झारखंडमा 83 हजार करोड़ रुपयाँ भन्दा अधिकको विभिन्न विकाश परियोजनाहरुको उत्घाटन अनि शिलान्यास गर्नुहुनेछ। प्रधानमंत्रीले हज़ारीबागमा उन्नासी हजार करोड़ रुपयाँ भन्दा अधिक लागतको **धरती आबा जनजातीय ग्राम उत्कर्ष** अभियानको उत्घाटन गर्नुहनेछ। यस अभियानमा लगभाग 63 हजार गांव शामिल हुनेछन्। यस योजनाबाट देश भरिका 549 जिल्ला अनि दुइ हजार 740 प्रखंडको पांच करोड़ भन्दा अधिक जनजातीय मानिसहरु लाभान्वित हुनेछन्। प्रधानमंत्रीले 40 वटा एकलव्य विद्यालयको उद्घाटन पनि गर्नुहुनेछ। श्री मोदीले दुइ हजार 800 करोड़ रुपयाँ भन्दा अधिक लागतको 25 एकलव्य विद्यालयको आधारशिला पनि राख्नु हुनेछ। श्री मोदीले प्रधानमंत्री जनजातीय आदिवासी न्याय महाअभियान, पीएम-जनमन अंतर्गत एक हजार 360 करोड़ रुपयाँ भन्दा अधिकको विभिन्न परियोजनाहरुको उत्घाटन अनि शिलान्यास पनि गर्नुहुनेछ। यी परियोजनाहरुमा सड़क, आंगनवाड़ी, बहुउद्देशीय केंद्र, स्कूल छात्रावास आदि शामिल छन्। प्रधानमंत्रीले पीएम जनमन अंतर्गत ऐतिहासिक उपलब्धिहरुको एक श्रृंखलाको अनावरण पनि गर्नु हुनेछ। यसमा लगभग तीन हजार गाउँका 75 हजार 800 भन्दा अधिक विशेष रूपले कमजोर जनजातीय समूहको घरको विद्युतीकरण शामिल छ। यसमा 275 मोबाइल चिकित्सा एकाईहरुको संचालन, 500 आंगनवाड़ी केंद्रको संचालन, 250 वन धन विकास केंद्रको स्थापना पनि शामिल छन।

****** ० ******

**प्रधानमन्त्री बधाई**

प्रधानमन्त्री नरेन्द्र मोदीले फिल्म अभिनेता मिथुन चक्रवर्तीलाई दादा साहेब फाल्के पुरस्कारको निम्ति शुभकामना दिनुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले सोशल मीडिया प्लेटफार्म एक्समा, मिथुन चक्रवर्तीलाई भारतीय सिनेमामा उहाँको योगदानको कदर गर्दै प्रतिष्ठित दादा साहेब फाल्के पुरस्कारले सम्मानित गरिएकोमा बधाई अनि सुभकामना दिनुभयो |

****** ० ******

**आरजी कर मेडिकल कलेज**

आरजी कर मेडिकल कलेज र अस्पतालमा वित्तीय घोटालाको जाँच गरिरहेको सीबीआईलाई पूर्व विवादास्पद प्रिन्सिपल संदीप घोषको दुई मोबाइल फोन र दुई ल्यापटपबाट ‘प्रभावशाली मानिसहरूसित गठजोड़’ का महत्वपूर्ण साक्ष्य हात लागेको छ।केन्द्रिय एजेन्सीका एक अधिकारी अनुसारए मोबाइल फोन र ल्यापटप बाहेक संदीप घोषको कार्यालयमा रहेको कम्पुटर र त्यहाँबाट जफत गरिएको कागजपत्रबाट पनि यस्तै किसिमको साक्ष्य हात परेको छ।अहिलेसम्मको जाँचमा एक तीनस्तरीय गठजोड़ अघि आएको छ। पहिलो स्तरमा राजनीतिक रूपमा प्रभावशाली मानिसहरू सामेल छन्ए जसले संदीप घोषलाई यति ठूलो

घोटालालाई अन्जाम दिनमा मद्दत गरेको छ। दोस्रो स्तरमा संदीप घोष र उनका करीबी सहोयगी सामेल छन्ए जबकि तेस्रो र अन्तिम स्तरमा आरजी कर मेडिकल कलेजका ठेकेदार र सप्लायर सामेल छन्ए जो घोषका विश्वसनीय थिए।अधिकारी अनुसारए ईडीद्वारा जारी समानान्तर जाँचमा पनि यस तीन स्तरीय गठजोड़को पुष्टि गर्ने धनका केही लेन-देनको साक्ष्य हात लागेको छ। आरजी कर वित्तीय अनियमितताहरूको जाँच अदालतद्वारा निर्देशित र निगरानीमा भइरहेको छ। जबकि ईडीले यस मामिलामा प्रवर्तन मामिला सूचना रिपोर्ट (ईसीआईआर) दर्ता गरी स्वतः संज्ञान लियो।

****** ० ******

**पश्चिम बंगाल -डॉक्टर हड़ताल**

पश्चिम बंगालको उत्तर 24 परगना जिल्लामा कॉलेज ऑफ मेडिसिन अनि सगोर दत्ता चिकित्सा महाविद्यालय एवंम् अस्पतालको जूनियर डॉक्टरहरु हडतालमा बसेका छन् । शुक्रवार एक बिमारीको परिवारले केहि डॉक्टर अनि नर्सहरु सँग कुटपिट गरे पछि विरामीको परिवारका चार जना सादस्यलाई पुलिसले पक्रउ गरेको छ ।जूनियर डॉक्टरहरुले राज्य सरकार सँग डॉक्टरहरुको सुरक्षाका लागी ठोस सुधारात्मक कदम नउठाएकोमा विरोध जारी रहने बताएको छ। पश्चिम बंगाल जूनियर डॉक्टर्स संघले यस डॉक्टरहरुको हड़तालको समर्थन गरेको छ। यस बीच, सगोर दत्ता चिकित्सा महाविद्यालय एवंम् अस्पतालको आपातकालीन विभागमा पुलिस तैनात गरिएको छ|

****** ० ******

**मौसम**

कोलकातामा आगामी 24 घण्टामा आंशिक रूपले बादल छाइरहनेछ र केही क्षेत्रहरूमा हल्का पानी पर्ने सम्भावना छ। हावड़ामा पनि हल्का बादल रहनेछ साथै छिटपुट पानी पर्ने सम्भावना छ। उत्तर र दक्षिण 24 परगना जिल्लामा हल्का पानी पर्ने सम्भावना छ।उत्तर बंगालका पहाड़ी क्षेत्रहरू विशेषगरी दार्जीलिङ, कालेबुङ, अलीपुरद्वार, कूच बिहार र जलपाइगढ़ीमा हल्का पानी पर्ने सम्भावना छ। यहाँको तापक्रम मैदानी क्षेत्रहरूको तुलनामा केही कम रहनेछ। अधिकतम तापक्रम 25 डिग्री सेल्सियस र न्यूनतम तापक्रम लगभग 18 डिग्री सेल्सियस रहनेछ। पश्चिम बंगालको अधिकांश जिल्लाहरूमा आंशिक बादल र हल्का पानी पर्ने सम्भावना छ। कोलकाता र वरिपरिका जिल्लाहरूमा तापक्रम सामान्यभन्दा केही अधिक रहने अनुमान छ।

****** ० ******

**ट्राई-रेडियो**

भारतीय दूरसंचार विनियामक प्राधिकरण -ट्राई ले आज निजी रेडियो प्रसारका लागी **डिजिटल रेडियो प्रसारण नीति कार्यान्वयन** माथी एक परामर्श पत्र जारी गरेको छ। ट्राई ले निजी रेडियो प्रसारका लागी डिजिटल रेडियो प्रसारण नीतिको कार्यान्वयन सँग संबंधित विभिन्न मुद्दा हरुमा हितधारकहरुको टिप्पणीको प्रक्रियाको शुरूआत गरेको छ। हितधारकहरुले 28 अक्टुबर सम्म परामर्श पत्रमा अफ्नु टिप्पणी दिन्न सक्ने छन्। टिप्पणिहरु 11 नोबेम्बर साम्म जमा गर्न सकिने छ। टिप्पणी अनि प्रति टिप्पणी ई-मेल आईडी advbcs-2@trai.gov.in <mailto:advbcs-2@trai.gov.in> and jtadvbcs-1@trai.gov.in <mailto:jtadvbcs-1@trai.gov.in> .मा इलेक्ट्रॉनिक रूपमा पठाउन सक्ने छन् |

****** ० ******